मध्यान्ह

गर्दै आयोगका सहसचिव एव प्रवक्ता नारायणप्रसाद भट्टराईले २०७९ सालको भन्दा यसपटक नौ लाख १५ हजार मतदाता थपिएको जानकारी दिए ।

१६ वर्ष पूरा भएका युवालाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन हुने अघिल्लो दिन १८ वर्ष पूरा हुने जतिलाई मतदाता सूचीमा समावेश गर्ने गरिएको पनि उनले सुनाए । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले राजनीतिक दल र उम्मेद्वारले निर्वाचनमा एजेण्डा लिएर नआउने र मतदाताले पनि त्यसका आधारमा मत नदिने गरेकाले लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन प्रक्रियामा समस्या आउने गरेको बताए ।

व्यवस्था कार्यालय (सवारी) रौतहटमा पछिल्लो समय सेवा प्रवाहमा उल्लेखनीय सुधार आएको छ । एक समय सवारीसाधन दर्ता प्रमाणपत्र (ब्लू बुक) नवीकरणका लागि घण्टौं लाममा उभिनुपर्ने बाध्यता रहेको कार्यालयमा अहिले छिटोछरितो र प्रविधिमैत्री सेवा दिन थालिएको छ ।

पहिले चारवटा लाइन पार गरेपछि मात्र सेवाग्राहीले पालो पाउने अवस्था थियो। लामो समय लाइनमा उभिँदा काम नसकिए अर्को दिन कुर्नुपर्ने बाध्यताले सेवाग्राही आजित हुने गरेका थिए। तर अहिले अवस्था फेरिएको छ ।

कटहरिया नगरपालिका-५ का ओमप्रकाश साहले मोटरसाइकल




नामसारी र नवीकरणको काम २० मिनेटमै सम्पन्न भएको अनुभव सुनाए । 'पहिले तीन-चार घण्टा लाइनमा उभिनुपर्थ्यो, अहिले एकद्वार प्रणालीबाट सबै काम सहजै भयो,' उनले भने, 'कर तिर्न बैंक धाउनुपर्ने र भौचर ल्याएर कार्यालयमा बुझाउनुपर्ने झण्झट पनि हटेको छ ।'

कार्यालय प्रमुख राजकिशोर साहका अनुसार सेवा प्रवाहलाई व्यवस्थित र डिजिटल बनाइएको छ। आवेदनका लागि कार्यालय धाउन पर्दैन, अनलाइनबाटै आवेदन दिन सकिन्छ। चालकले आफ्नो लाइसेन्स तयार भए/नभएको वेबसाइटमार्फत हेर्न सक्छन्,' उनले भने ।

उनका अनुसार सबै सेवाग्राहीको बायोमेट्रिक विवरण अनलाइन प्रणालीमा राखिएको छ भने सवारीसाधनको ब्लू बुक नवीकरणसमेत अनलाइनबाटै छिट्टै सुरु गरिने तयारी छ । प्रविधिमैत्री सेवा विस्तारसँगै कार्यालयप्रतिको सर्वसाधारणको धारणा सकारात्मक बन्दै गएको प्रमुख साहको भनाइ छ । सेवा प्रक्रियामा पारदर्शिता, समय बचत र झन्झटमुक्त व्यवस्थापनले सेवाग्राहीलाई सहज अनुभूति दिलाएको बताइएको छ ।

## लुम्बिनी प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा तथा सामाजिक विकास निर्देशनालय
## सामाजिक विकास डिभिजन कार्यालय, प्यूठान

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः२०८२/११/०६

यस कार्यालयबाट SQ ठेक्का सूचना मितिः २०८२/१०/०८ गते दोस्रो पटक मिसन टुडे राष्ट्रिय दैनिक पत्रमा प्रकाशित भए अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा निम्न निर्माण व्यवसायीहरूको तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम ७ (सात) दिनभित्र कुनै गुनासो वा आपत्ति भएमा लिखित रूपमा यस कार्यालयमा दर्ता गराई जानकारी गराउन सम्पूर्ण सरोकारवालालाई सुचित गर्दै यो सुचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का न. | योजनाको नाम | निर्माणको व्यवसायीको नाम | कबोल अङ्क (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | 26-SDDO/SQ-082/083 | Construction of Adhuro Vaban: Bal Bidhya Ma.Vi Pyuthan Na.Pa -09 Pyuthan | Shree samriddi nirman sewa and suppliers, pyuthan | 12,16,812.63/- |
| 2 | 28-SDDO/SQ-082/083 | Construction of Wall: Janakalyan Aa.vi Sunilsmriti Ga.Pa -06 Rolpa. | Power Nepal consult and construction pvt.ltd. tokha kathamandu | 9,50,072.81/- |

र. व. इन्जिनियर

Er. Binod Kumar Pandey
NEC Reg. No. 82388
Civil 'A' Category

निमित्त कार्यालय प्रमुख



CamScanner